मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश, नेपाल

प.सं : २०७४/०७५ मितिः २०७५/०१/३०

च.नं : १३३ ।

---

विषय : जग्गाको न्युनतम मुल्यांकन सम्बन्धमा ।

श्री १ नं.वडा कार्यालय, कुहुँ
श्री २ नं.वडा कार्यालय, बाबियाचौर
श्री ३ नं.वडा कार्यालय, आर्भाङ्ग, बरंजा
श्री ४ नं.वडा कार्यालय, बुकेनी, बरंजा
श्री ५ नं.वडा कार्यालय, पाँखु, अर्मन

प्रस्तुत विषयमा मालपोत कार्यालय, म्याग्दीको मिति २०७५।०१।२६ गते च.नं.१८८० को प्राप्त पत्रानुसार आ.व. ०७५।७६ का लागि जग्गा रजिष्ट्रेशन प्रयोजनार्थ जग्गाहरुको न्युनतम मूल्यांकन (दररेट) निर्धारण गर्नुपर्ने भएकोले यस गाउँपालिका अन्तर्गतका जग्गाहरुको पक्की, कच्ची मोटर बाटोले छोएका, नछोएका साथै यस आर्थिक वर्षभित्र खोलिएका मोटर बाटोले समेत छोएका र नछोएका घडेरी वा आवादी खेत र पाखो वारीको आ.व. ०७४।७५ को लागि चलन चल्तीको मुल्य संग मेल खाने गरि के कति प्रति रोपनी न्युनतम दररेट राख्न उपयुक्त हुन्छ ? सबै प्रकारका जग्गाहरुको वडा अनुसार अलग अलग खुल्ने गरी प्रति रोपनी दररेट खुलाई १ हप्ता भित्र उपलब्ध गराई दिनुहुन अनुरोध भई आएकोले सो कार्यका लागि आवश्यक सहयोग एवं समन्वय गरीदिनु हुन मालपोत कार्यालय म्याग्दी बेनीबाट प्राप्त पत्रको छायाँकपि संलग्न गरी पठाइएको अनुरोध गर्दछु ।

२०७५।१।३०

विष्णुप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भूमिसुधार तथा व्यबस्था मन्त्रालय
भूमिसुधार तथा व्यबस्थापन बिभाग

# मालपोत कार्यालय, म्याग्दी

फोन नं : +९७७-०६९-५२०१२४
फ्याक्स नं : +९७७-०६९-५२११७८
इमेल : *myagdi@dolrm.gov.np*

च.न. १८८०

मिति: २०७५।१।२६

**विषय : जग्गाको न्युनतम् मुल्यांकन सम्बन्धमा ।**

श्री मंगला गाउंपालिका कार्यालय
वावियाचौर, म्याग्दी,

उपरोक्त विषयमा आ.व. ०७५।७६ का लागि जग्गा रजिष्ट्रेशन प्रयोजनार्थ जग्गाहरुको न्युनतम मूल्यांकन (दररेट) निर्धारण गर्नुपर्ने भएकोले तहां गाउंपालिका अन्तर्गत साविकका निम्न गा.वि.स. अन्तर्गतका जग्गाहरुको पक्की, कच्ची मोटर वाटोले छोएका, नछोएका साथै यस आर्थिक वर्षभित्र खोलिएका मोटर वाटोले समेत छोएका र नछोएका घडेरी वा आवादी खेत र पाखो वारीको आ.व. ०७४।७५ को लागि चलन चल्तीको मुल्यसंग मेल खाने गरि के कति प्रतिरोपनी न्युनतम दररेट राख्न उपयुक्त हुन्छ ? सवै प्रकारका जग्गाहरुको गा.वि.स. अनुसार अलग अलग खुल्ने गरि प्रति रोपनि दररेट खुलाई २०७५ जेठ २० गतेभित्र यस कार्यालयमा आई पुग्ने गरि पठाइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

तपसिल

साविक गा.वि.स.: **कुहु, वावियाचौर, दरवाङ साविक ४ नं.वडा, वरंजा, अर्मन**

(मुकुन्द पौडेल)
मालपोत अधिकृत

वोधार्थ:श्री जिल्ला समन्वय समिति
म्याग्दी,वेनी ।